सन्धिखर्क नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाची
५ नं. प्रदेश, नेपाल

प.स.: २०७७/७८ मिति:२०७६/०२/२३

च.स.: २१६

### विषयः पशुपालक कृषकहरुलाई पुर्व सावधानी सम्बन्धि सूचना ।।।

नेपालका विभिन्न क्षेत्रहरुमा खासगरी पूर्वी तराई चितवन लगायत पुर्व नवलपरासीमा समेत गाईभैँसी प्रायगरी गाईमा शरीरमा गिर्खाहरु देखापरी ज्वरो आउने,खुट्टा सुन्निने,खोच्चाउने र मृत्यु समेत हुने गरेको आदि लक्षणयुक्त रोगको नमुना परिक्षण गर्दा **लम्पी स्किन रोग** भएको प्रमाणित भएको छ | यो रोग भाइरसबाट लाग्नेर यसको खास उपचार नभएकोले पशुहरुमा संक्रमणको स्थिति आउन सक्ने हुनाले उक्त संक्रमण रोक्नको लागि निम्न अनुसारका सावधानी अपनाउनु हुन पशुपालक कृषकहरुलाई अनुरोध गर्दछौ |

१. नयाँ गाई/भैँसी खरिद विक्री तथा ओसारपसार नगर्ने |
२. गाईभैँसीलाई बधुवा तरिकाबाट मात्र पाल्ने | चरुवा पद्धतिबाट पालन गर्दा अन्य पशुसंग सम्पर्क नहुने तथा अन्य पशुको चरण क्षेत्रमा नचराउने |
३. गोठको नियमित सरसफाई गर्ने तथा ओभानो राख्ने |
४. पशुलाई किर्ना, जुम्रा, भुसुना, लामखुट्टे, डाँस लगाएतका किराहरुको टोकाईबाट बचाउने | सम्भव भए गोठ वरिपरी किरा जाली लगाउने |

.............................
मन्जु खनाल
शाखा अधिकृत

# गाईभैंसीमा लाग्ने "लम्पी स्किन रोग" बारे जानकारी

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस) बाट गाईभैंसीहरूमा लाग्ने रोग हो। यो रोग भैंसीहरूमा भन्दा गाईहरूमा बढी देखिन्छ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण पूर्वी यूरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ्ग, झापा लगायत पूर्वी क्षेत्रमा रोगको लक्षण देखाइ सयौं गाईहरू बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

## मुख्य लक्षणहरूः

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिँज धैरे निकाल्ने
- शरीरका विभिन्न भागहरूमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरूमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरू देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धैरे पशुहरू (५-४५%) बिरामी हुन सक्ने



## रोग सर्ने मुख्य मुख्य तरिकाहरू



- लामखुट्टे, झिङ्गा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसारपोसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुइ प्रयोग गद

## उपचार तथा रोकथाम

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन।)
- संक्रमित क्षेत्रबाट गाईभैंसीको ओसारपोसार नियन्त्रण
- लामखुट्टे, झिङ्गा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने